नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२६ दायर मितिः-२०८१/०४/१३**

**फैसला मितिः-२०८१/०४/२८**

| वादी | प्रतिवादी |
|---|---|
| सन्तोष कुमार यादवको जाहेरीले नेपाल सरकार.........................१ | जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.३२ बस्ने जोगिन्द्र महतो धानुकको छोरा बर्ष ३९ को ओमप्रकाश महतो धानुक.........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त ।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामबाबु महतो समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले अभद्र व्यवहार गरेको छैन भनि ईन्कारी बयान गरेता पनि मिति २०८१।०४।०२ गते अ.२३:२५ बजेको समयमा म जाहेरवाला आफ्नो घरमा सुति रहेको अवस्थामा बिपक्षी ओमप्रकाश महतो धानुकले मोबाईलबाट भिडियो बनाई रहेकोदेखि नियन्त्रणमा लिई सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ओमप्रकाश महतो धानुकलाई कैद दिन १०, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ओमप्रकाश महतो धानुकलाई ठहरेको कैद दिन १० को हकमा निज मिति २०८१/०४/०३ देखि २०८१/०४/१२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.१९/२०८१/०४/१३ दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/-र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु --------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलाथ्व सप्तमी,शुभम् ........